घरपझोङ गाउँपालिका

## गाउँ कार्यपालिकाको ३३औं बैठकको निर्णयहरु

मिति २०८१।४।२२

**प्रस्ताव नं. १ :-**

अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

**निर्णय नं. १ :-**

मिति २०८१।३।३० गते बसेको गाउँ कार्यपालिकाको ३२औं बैठकमा जम्मा १५ वटा निर्णयहरु भएकोमा गाउँसभाको १४औं अधिवेशनमा पेश हुने विभिन्न प्रस्तावहरु उपर छलफल भई निर्णय भएको र सभाको कार्यसूचीको समेत निर्णय भएको साथै अन्य निर्णयहरुमा निर्णय नं. ११ मा आधारभुत स्वास्थ्य केन्द्रहरुमा कर्मचारी व्यवस्था गर्ने निर्णय र निर्णय नं. १३ मा भएको पुथाङ ताराखेल मैदान मर्मत गर्ने कार्य सम्बन्धी निर्णय कार्यान्वयन हुन बाँकि रहेको र अन्य विषयहरुको बारेमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**प्रस्ताव नं. २ :-**

सातौं तहका कर्मचारीहरुको नियुक्ति समर्थन सम्बन्धमा ।

**निर्णय नं. २ :-**

गाउँपालिकाको स्वीकृत दरबन्दी अनुसार कार्यालयमा रिक्त रहेका पदहरुमा गत आ.ब.मा कर्मचारी माग आकृति फारम भरी पठाईएकोमा लोक सेवा आयोग, गण्डकी प्रदेशबाट सिफारिस भएका लेखा अधिकृत (सातौं तह) का श्री सुजित बराल र प्रशासकीय अधिकृत (सातौं तह) का श्री विकास संज्याललाई स्थायी नियुक्ति गरिएकोमा समर्थन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ३ :-**

कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नं. ३ :-**

यस घरपझोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरु सरुवा साथै बढुवा भई अन्यत्र कार्यालयहरुमा पदस्थापना भएको हुँदा कार्यालयको स्वीकृत दरबन्दी अनुसार रिक्त रहेका पदहरुमा लोक सेवा आयोग, गण्डकी प्रदेशमा माग आकृति फारम भरी पठाउने सर्वसम्मत निर्णय गरियो । साथै तत्काले प्राविधिक कर्मचारीहरुको अभाव भएको हुँदा स्थायी कर्मचारी नआउन्जेल सम्मका लागि वा अर्को व्यवस्था नभए सम्मका लागि तपसिलका विभिन्न सेवा समूह तर्फ ६ जना प्राविधिक कर्मचारीहरु, सामी (SAMI) कार्यक्रमको २ जना परामर्शदाता र चिमाङ आधारभुत स्वास्थ्य केन्द्रको लागि कार्यालय सहयोगी-१जना करारमा लिने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

| क्र.सं. | पद | तह | आवश्यक संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ईन्जिनियर (सिभिल) | सातौं | १ | |
| २ | एक पालिका एक भेटेरीनरी डाक्टर | छैटौं | १ | |

निर्णय प्रमाणित
०८११०४।२२

| | | | | |
|---|---|---|---|---|
| ३ | सब-ईन्जिनियर | पाँचौ | १ | |
| ४ | रोजगार सहायक | पाँचौ | १ | |
| ५ | मनोसामाजिक परामर्शकर्ता | पाँचौ | १ | |
| ६ | परामर्शकर्ता (आप्रवासी श्रोत केन्द) | पाँचौ | १ | |
| ७ | ना.प्रा.स. कृषि | चौथो | १ | |
| ८ | ना.प.से.प्रा. पशु | चौथो | १ | |
| ९ | कार्यालय सहयोगी | श्रेणी विहिन | १ | |

**प्रस्ताव नं. ४ :-**

घरपभ्कोङ गाउँपालिकाको कार्यक्षेत्रमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) आचार संहिता, २०८१ सम्बन्धमा ।

**निर्णय नं. ४ :-**

घरपभ्कोङ गाउँपालिकाले तयार पारेको "घरपभ्कोङ गाउँपालिकाको कार्यक्षेत्रमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) आचार संहिता, २०८१" सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ :-**

समितिहरु हेरफेर सम्बन्धमा ।

**निर्णय नं. ५ :-**

यस गाउँ कार्यपालिकाको मिति २०७९।२।२३ गतेको बैठकको निर्णय नं. ४ अनुसारको निर्णय बमोजिम विभिन्न विषयगत समितिहरु पुनर्गठन गर्ने साथै स्थानीय राजश्व परामर्श समिति तथा अनुगमन तथा सूपरिवेक्षण समितिका सदस्यहरु अर्को एक बर्षको लागि निरन्तरता दिने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

क) आर्थिक विकास समिति

संयोजक : श्री फलेन्द्र प्रसाद थकाली, ३ नं. वडा अध्यक्ष
सदस्य : श्री बुद्ध हिराचन
सदस्य : श्री मणि वि.क.
सदस्य सचिव : सम्बन्धित शाखा हेर्ने शाखा प्रमुख

ख) पूर्वाधार विकास समिति

संयोजक : श्री मन बहादुर हिराचन, २ नं. वडा अध्यक्ष
सदस्य : श्री रोजी थकाली
सदस्य : श्री राजु प्रसाद लालचन
सदस्य सचिव : सम्बन्धित शाखा हेर्ने शाखा प्रमुख

निर्णय प्रमाणित
०८१।०४।२२

ग) सामाजिक विकास समिति
संयोजक : श्री आस बहादुर थकाली, १ नं. वडा अध्यक्ष
सदस्य : श्री भिषण थकाली
सदस्य : श्री बुद्ध हिराचन
सदस्य सचिव : सम्बन्धित शाखा हेर्ने शाखा प्रमुख

घ) वातावरण तथा विपद् व्यवस्थापन समिति
संयोजक : श्री प्रदिप थकाली, ५ नं. वडा अध्यक्ष
सदस्य : श्री राजु प्रसाद लालचन
सदस्य : श्री रोजी थकाली
सदस्य सचिव : सम्बन्धित शाखा हेर्ने शाखा प्रमुख

ङ) सुशासन तथा संस्थागत विकास समिति
संयोजक : श्री याम प्रसाद थकाली, ४ नं. वडा अध्यक्ष
सदस्य : श्री अनिता घताने
सदस्य : श्री भिषण थकाली
सदस्य सचिव : सम्बन्धित शाखा हेर्ने शाखा प्रमुख

च) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ को खण्ड(ग) बमोजिम स्थानीय राजश्व परामर्श समितिमा तपसिल बमोजिम सदस्यहरुलाई चालु आ.ब. मा समेत निरन्तरता दिने ।
१) श्री बुद्ध हिराचन, २) महिला सदस्य तर्फ श्री रोजी थकाली

छ) घरपझोङ गाउँपालिकाको अनुगमन तथा सूपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि, २०७८ को परिच्छेद-२, दफा ३(ख) बमोजिम तपसिल बमोजिमको कार्यपालिका सदस्यहरुलाई समितिको सदस्यहरुलाई चालु आ.ब.मा समेत निरन्तरता दिने ।
१) श्री भिषण थकाली, २) महिला सदस्य तर्फ श्री अनिता घताने

**प्रस्ताव नं. ६ :-**
स्थानीय श्रोतको कर संकलन सम्बन्धमा ।
**निर्णय नं. ६ :-**
कालीगण्डकी नदीले बर्षेनी थुपार्दै गरेको ढुङ्गा, गिट्टी र बालुवाका कारण नदीको सतह बढ्दै गई नदीको किनारा कटान गर्ने साथै नदीको किनारमा रहेका खेती, गाउँ, बस्ती, बजार, सडक लगायतका अन्य पूर्वाधारहरुमा ठुलो क्षति पुऱ्याई रहेको हुँदा थुप्रिदै गएको ढुङ्गा, गिट्टी र बालुवाको उचित व्यस्थापन गर्न नसकिएको अवस्था एकातर्फ छ भने गाउँपालिका क्षेत्रमा हुने विकास तथा निर्माण कार्यको लागि आवश्यक पर्ने ढुङ्गा, गिट्टी तथा बालुवा नदी तथा खोलाहरुबाट संकलन गर्न समेत कानूनी जटिलता रहेकोले विपद् न्युनिकरण तथा स्थानीय प्रयोजनको लागि आवश्यक खोला तथा नदिजन्य स्रोतहरुको

निर्णय प्रमाणित।
०८/०४/२२

संरक्षण तथा व्यवस्थापनको लागि उपयुक्त निकास आवश्यक देखिएकोले यसको सहजीकरणको लागि जिल्ला विपद् व्यवस्थापन समिति, मुस्ताङलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो । साथै यस गाउँपालिकाको ५ नं. वडामा रहेको पर्यटकीय तथा साँस्कृतिक रुपमा महत्व राख्ने ढुम्बातालको व्यवस्थापनलाई अझै सुदृढ गर्दै मुख्य पर्यटकिय केन्द्रको रुपमा विकास गर्ने र गाउँपालिकाको आन्तरिक आम्दानीको श्रोतको रुपमा समेत विकास गर्न सकिने सम्भावना रहेकोले सम्बन्धित सरोकारवालाहरु सँग छलफल गर्न पत्राचार गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ७ :-**

शिक्षा समितिको सदस्य मनोनयन सम्बन्धमा ।

**निर्णय नं. ७ :-**

घरपझोङ गाउँपालिकाको शिक्षा ऐन, २०७७ को दफा ९. शिक्षा समितिको गठनको (घ) मा भएको व्यवस्था अनुसार तपसिल बमोजिम गाउँसभा सदस्यहरुलाई शिक्षा समितिको सदस्य तोक्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :**

१) दलित सदस्य : श्री सरिता नेपाली

२) सदस्य : श्री दुर्गादेवी रसाईली

**प्रस्ताव नं. ८ :-**

पुथाङ जोमसोम सामुदायिक सिकाई केन्द्रको सञ्चालन निरन्तरता सम्बन्धमा ।

**निर्णय नं. ८ :-**

पुथाङ जोमसोम सामुदायिक सिकाई केन्द्रको च.नं.२ मिति २०८१।४।२० गतेको पत्रको बारेमा छलफल हुँदा र शिक्षा युवा तथा खेलकुद शाखाबाट राय पेश भए अनुसार पुथाङ जोमसोम सामुदायिक सिकाई केन्द्र साविकमा जिल्ला शिक्षा कार्यालयबाट अनुमति लिई सञ्चालन हुनु पर्नेमा जिल्ला प्रशासन कार्यालय, मुस्ताङमा संस्था दर्ता ऐन अनुसार दर्ता भई सञ्चालन भएको देखिएको तर हाल सम्म नवीकरण नभएको अवस्था रहेकोले सामुदायिक सिकाई केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ को नियम ३ र ५ अनुसार अनुमति दिने अधिकार स्थानीय तहमा रहेको हुँदा र केन्द्रबाट उक्त सिकाई केन्द्रलाई नियमित अनुदान समेत प्राप्त भईरहेको हुँदा सञ्चालन निरन्तरताको अनुमति दिने सर्वसम्मत निर्णय गरियो । साथै सामुदायिक सिकाई केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ अनुसार उक्त पुथाङ जोमसोम सामुदायिक सिकाई केन्द्रको व्यवस्थापन गर्न गराउनु हुन शिक्षा, युवा तथा खेलकुद शाखालाई निर्देशन दिने समेत निर्णय गरियो ।

**प्रस्ताव नं. ९ :-**

सूचना केन्द्र व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नं. ९ :-**

यस गाउँपालिकाले निर्माण गरेको जोमसोम पक्की पुल नजिकैको सूचना केन्द्रलाई व्यवस्थित रुपमा सञ्चालन गर्न सूचना केन्द्र व्यवस्थापन योजना तयार गरी आगामी बैठकमा पेश गर्नका लागि

प्रतिलिपि प्रमाणित ।

०८१।०४।२२

गाउँपालिकाका अध्यक्षज्यूको संयोजकत्वमा तपसिल बमोजिमका सदस्यहरु रहने गरी एक समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :-

१) संयोजक श्री मोहन सिंह लालचन, गाउँपालिका अध्यक्ष

२) सदस्य श्री हिमलाल शर्मा, शा.अ. (सातौं तह) शाखा प्रमुख : शिक्षा, युवा तथा खेलकुद शाखा

३) सदस्य श्री राजन कँडेल, सव-ईन्जिनियर, शाखा प्रमुख : योजना तथा पूर्वाधार विकास शाखा

प्रस्ताव नं. १० :-

अध्यक्ष कप खेलकुद कार्यक्रम सञ्चालन सम्बन्धमा ।

निर्णय नं. १० :-

गाउँपालिकाको चालु आ.ब. को स्वीकृत बजेट रु.५०००००।- को परिधि भित्र रहेर अध्यक्ष कप खेलकुद कार्यक्रम यस गाउँपालिकाको ५ नं. वडाले सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो । अध्यक्ष कप खेलकुद कार्यक्रममा तपसिल बमोजिमको खेलकुदहरु सञ्चालन गर्ने र पुरस्कार दिने निर्णय गरियो ।

तपसिल :-

| सि.नं. | खेलको विवरण | टिममा सदस्य संख्या | पुरस्कार (मेडल/ट्रफी र नगद पुरस्कार) | कैफियत |
|---|---|---|---|---|
| १ | भलीबल खेल | नियमानुसार | १) प्रथम रु.५००००।-<br>२) द्धितिय रु.३००००।-<br>३) उत्कृष्ट खेलाडी रु.५०००।- | टिममा खेलाडीहरु घरपभ्फोङ गाउपालिकाका वडाका हुनुपर्ने । |
| २ | तारा खेल (५० र ५० बर्ष भन्दा माथिका उमेर समुह (साधारण धनुवाण मात्र प्रयोग गर्न पाउने) | ५ जना | १) प्रथम रु.२५०००।-<br>२) द्धितिय रु.१५०००।-<br>३) उत्कृष्ट खेलाडी रु.२०००।- | |
| ३ | तारा खेल (५० बर्ष भन्दा तलका उमेर समूह (सबै प्रकारमा धनुवाण प्रयोग गर्न पाउने) | ५ जना | १) प्रथम रु.२५०००।-<br>२) द्धितिय रु.१५०००।-<br>३) उत्कृष्ट खेलाडी रु.२०००।- | |
| ४ | महिला डोरी तान्ने | ७ जना | १) प्रथम रु.१००००।-<br>२) द्धितिय रु.५०००।- | |
| ५ | ४ वटा वडाहरुका सहभागी खर्च (आयोजक बाहेक) | ४ वडा | १) रु.३००००।-को दरले जम्मा रु.१२००००।- | |
| ६ | मेडल, ट्रफी तथा व्यवस्थापन खर्च | | १) रु.१९६०००।- | |
| **नोट : प्रवेश शुल्क लिन नपाउने ।** | | | | |

खेलकुद कार्यक्रमको खर्चको खेलकुद सञ्चालन गर्ने ५ नं. वडाले प्रस्तावना पेश गर्ने र कार्यालयमा अध्यक्ष कप खेलकुद कार्यक्रमको सम्पर्क व्यक्तिको रुपमा शिक्षा, युवा तथा खेलकुद शाखाका शासा प्रमुख शा.अ. श्री हिमलाल शर्मालाई तोक्ने समेत सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित ।

०८१।०४।२२

**प्रस्ताव नं. ११ :-**

मिलिजुली युवा क्लबको पत्रको सम्बन्धमा ।

**निर्णय नं. ११ :-**

मिलिजुली युवा क्लब, मार्फाको पत्रको सम्बन्धमा छलफल हुँदा थाक भलिबल तथा साँस्कृतिक विकास
संघ, मुस्ताङको ५१औं संस्करणको खेलकुद लगायत विविध कार्यक्रम यस बर्ष मार्फामा सञ्चालन हुने
भएकोले मिलिजुली युवा क्लब मार्फा मार्फत खेलमैदान व्यवस्थापन र स्टेज निर्माण गर्ने कार्यक्रमका
लागि अन्य पूर्वाधार निर्माण शिर्षकबाट रु.२०००००।- खर्च गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १२ :-**

राष्ट्रिय लोकभजन चुड्का (संस्कृति) संरक्षण प्रतिष्ठान, नेपाल : जिल्ला कार्य समिति, मुस्ताङको पत्रको सम्बन्धमा ।

**निर्णय नं. १२ :-**

राष्ट्रिय लोकभजन चुड्का (संस्कृति) संरक्षण प्रतिष्ठान, नेपाल : जिल्ला कार्य समिति, मुस्ताङको
आवश्यक बाद्यवाधन सामाग्री खरिदको लागि आर्थिक सहयोग माग भएको पत्रको सम्बन्धमा छलफल
हुँदा अन्य संघ संस्था सहायता शिर्षकबाट माग भए अनुसार अतिआवश्यक बाद्यवाधक सामाग्रीहरु खरिद
गर्नको लागि रु.२५०००।- उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १३ :-**

सामुदायिक कुकुरहरु व्यवस्थापन गर्ने सम्बन्धमा ।

**निर्णय नं. १३ :-**

यस गाउँपालिकाका विभिन्न गाउँ तथा बजार क्षेत्रमा देखिएका सामुदायिक कुकुरहरुले साना बच्चा
लगायत ठुला मान्छेलाई समेत टोक्ने, घर पालुवा जनावरहरुलाई मार्ने गरेको व्यापक जनगुनासो
आएकोले सामुदायिक कुकुरहरुलाई खोरको व्यवस्था गरी एक ठाउँमा व्यवस्थित गर्नु पर्ने देखिएको हुँदा
४ नं. वडामा रहेको पशुबधशालाको क्षेत्रमा खोर निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो र उक्त क्षेत्रमा
खोर निर्माण गर्नका लागि आवश्यक बजेटको लागि प्राविधिकबाट लागत ईस्टिमेट तयार गरी अर्को
बैठकमा पेश गर्ने समेत निर्णय गरियो ।

**प्रस्ताव नं. १४ :-**

ट्याक्सी/जीप स्ट्याण्ड र प्रतिक्षालय व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नं. १४ :-**

पहिलो चरणमा पुथाङ र जोमसोममा सार्वजनिक सवारी व्यवस्थापन गर्ने सम्बन्धमा छलफल हुँदा २/२
वटा ट्याक्सी/जीप राख्न मिल्ने गरी जोमसोम एयरपोर्टको गेटको दायाँ र बायाँ साथै गणेश मन्दिर
नजिक मुख्य राजमार्गको दक्षिण तर्फ व्यवस्थापन गर्ने साथै पुथाङमा रहेको कृषि उपज संकलन तथा
बिक्रि केन्द्रको उत्तर पट्टीको खाली जग्गा र गणेश मन्दिर नजिकको ट्याक्सी/जीप स्ट्याण्डमा १/१ वटा
प्रतिक्षालय निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो । साथै प्रतिक्षालयको डिजाईन र लाग्ने खर्च साथै

निर्णय प्रमाणित

०८१।०४।२२

ट्याक्सी/जीप स्ट्याण्ड व्यवस्थापन गर्न लाग्ने खर्चको लागि प्राविधिकबाट लागत ईस्टिमेट तयार गरी अर्को बैठकमा पेश गर्ने समेत निर्णय गरियो ।

**प्रस्ताव नं. १५ :-**

पशु बद्यशाला सम्वन्धमा ।

**निर्णय नं. १५ :-**

यस गाउँ कार्यपालिकाको कार्यालयमा मेचवारी-४, सिलौटिया, रुपन्देही स्थायी ठेगाना भएका श्री नुरुल हसन फकिरले दिएको निवेदन बमोजिम गाउँ कार्यपालिकाले तोकेको शर्त र नियममा रही घरपभोङ गाउँपालिका वडा नं.४ जोमसोममा रहेको पशु बठ्यशालाको १ सटर र १ कोठा सञ्चालन गर्न तयार रहेको प्रतिबद्धता प्राप्त भएकोले उक्त बद्यशालाको १ सटर र १ कोठाको मासिक भाडा रु.५०००।- (अक्षेरुपी पाँच हजार मात्र) कायम गर्ने र प्रत्येक चौमासिकको हुन आउने भाडा रकम रु.२००००।- (अक्षेरुपी बिस हजार मात्र) अग्रिम रुपमा राजश्व दाखिला गर्ने र चौमासिक सम्झौताको अन्तिम दिन सम्म अग्रिम रुपमा अर्को चौमासिकको भाडा रकम दाखिला नगरेमा सम्झौता स्वतः रद्द हुने र मिति २०८१।४।२४ देखि लागु हुने गरी सम्झौता प्रकृया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १६ :-**

विभिन्न पत्रहरुका सम्बन्धमा ।

**निर्णय नं. १६ :-**

यस गाउँपालिका ३ र ४ नं. वडाहरुबाट पुथाङमा साना सवारी साधनहरुको पार्किङ व्यवस्थापन, विभिन्न योजना माग सम्बन्धी विषयहरु साथै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं.८५ मिति २०८१।४।११मा प्राप्त भएको पत्रहरुका सम्बन्धमा छलफल हुँदा बजेटको व्यवस्था भएको खण्डमा आवश्यकता र प्राथमिकताको आधारमा निर्णय गरी कार्यान्वयन गर्दै जाने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित

०८१।०४।२२

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल